# नेपालको सन्दर्भमा आर्थिक उदारीकरण र परनिर्भरताको विकास, एक दृष्टिकोण

पेशल कुमार दाहाल

मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रियुगा जनता बहुमुखी क्याम्पस

## लेख सार

प्रस्तुत लेख आर्थिक उदारीकरणपछि (२०४८/४९) नेपालको वैदेशिक व्यापार र विप्रेषणको अन्तरप्रवाहमा लुप्त परनिर्भरताको पुनरावलोकनमा केन्द्रित छ । उदार अर्थ नीतिले नेपालको अर्थतन्त्रमा पारेको प्रभावलाई वैदेशिक व्यापार र विप्रेषण आप्रवाहको माध्यमबाट मूल्याङ्कन गरिएको छ । नेपालको वैदेशिक व्यापार सन्तुलन, विप्रेषण आप्रवाह र परनिर्भरतालाई प्रमुख घटकहरूको रूपमा चयन गरी व्यापार सन्तुलन र विप्रेषण आप्रवाहको प्रवृत्तिलाई परनिर्भरताको दृष्टिकोणबाट पुनरावलोकन गरिएको छ । विभिन्न श्रोतहरूबाट सङ्कलन गरिएका सहायक र अनुभवजन्य तथ्यहरूको प्रयोगद्वारा उदारीकरण, आयात, विप्रेषण र परनिर्भरता बिचको अन्तरसम्बन्धको व्याख्या बर्णनात्मक विश्लेषण धारणा भित्र रहेर गरिएको छ । पछिल्ला वर्षहरूमा नेपालको विप्रेषण आय नाटकीय ढङ्गबाट वृद्धि भइरहेको छ भन्ने तथ्य कूल घरेलु उत्पादनमा यसको योगदान बढ्दै जानुले स्पष्ट गर्दछ । कूल घरेलु उत्पादनमा यसको योगदान बढ्दै जानुले नेपाली समाजको निष्क्रिय अथवा अनुत्पादक आयस्तरमा वृद्धि भइरहेको छ भन्ने प्रमाण छ । सिद्धान्ततः देशको आयस्तरमा वृद्धिले आयातको स्तरलाई वृद्धि गर्न सहयोगी भूमिका निर्वाह गर्दछ । नेपालमा विप्रेषणमा भइरहेको निरन्तरको वृद्धिले उर्जावान युवा/युवतीहरूको बाह्यप्रवाहमा उत्साहजनक वृद्धि भइरहेको प्रमाणित हुन्छ । फलतः ग्रामीण कृषि क्षेत्रमा श्रम आपूर्तिमा न्यूनता भै आन्तरिक उत्पादनमा व्यापक कटौती, सहर केन्द्रित बसोबासमा वृद्धि, आन्तरिक श्रम संस्कृतिमा ह्रास, निष्क्रिय विप्रेषणमुखी उपभोग प्रवृत्तिमा वृद्धि, हाम्रो आधारभूत उपभोगमा समेत आधुनिक र बाह्य बस्तुहरूको बाहुल्यताले अर्थतन्त्रको आयात परिमाण निर्यातको तुलनामा कहाली लाग्दो ढङ्गले वृद्धि भइरहेको तथ्य

उजागर हुन्छ । उल्लिखित तथ्यहरूले हाम्रो अर्थतन्त्र उपभोग केन्द्रित अर्थतन्त्रतर्फ सङ्क्रमण भइरहेको छ र यो कृषिमा आधारित अर्थतन्त्रबाट विप्रेषणमा आधारित अर्थतन्त्रमा रूपान्तरण भइरहेको छ । यस लेखले नेपालमा २०४६ को राजनीतिक परिवर्तनपछि तत्कालीन र सो पछिका राज्य सत्ताले अवलम्बन गरेका उदार अर्थनीतिका कारण वर्तमानका वर्षहरूमा देशको आन्तरिक बजार उच्च दरले परनिर्भर बनिरहेको निस्कर्ष निकालेको छ ।

*मुख्य शब्दहरू :* आर्थिक उदारीकरण, निजीकरण, परनिर्भरता, वैदेशिक व्यापार, विप्रेषण ।

## परिचय

आर्थिक उदारीकरण व्यापार अवरोधहरूलाई निर्मूल पार्ने एक मन्त्र हो । यस अन्तर्गत आयात कर, कोटा वा अनुमति पत्र प्रणालीलाई हटाएर प्रत्यक्ष वैदेशिक लगानीलाई स्वतन्त्रता प्रदान गर्ने नीति लिइएको हुन्छ । यसले सरकारद्वारा लगाइएको सबै अनावश्यक नियन्त्रण तथा प्रतिबन्धहरूलाई हटाउने सुझाव प्रदान गर्दछ । आर्थिक उदारीकरण एक प्रक्रिया, हो जसअन्तर्गत राष्ट्रिय अर्थतन्त्रलाई एक कानुनी नियन्त्रणबाट मुक्त बनाउने कार्य गर्नुका साथै यसले निजी क्षेत्रलाई पनि आर्थिक विकासको गतिविधिमा संलग्न गर्नुपर्दछ भन्ने कुराको बहस गर्दछ । अर्को शब्दमा अर्थतन्त्रलाई सरकारी नियन्त्रणबाट बजारको नियन्त्रणमा लैजानु नै उदारीकरण हो । यसमा श्रोत साधनहरूको वितरणमा बजार संयन्त्रलाई बलियो बनाउनका लागि सरकारको भूमिका नियमनकारीबाट सहज कर्तामा रूपान्तरण हुनुपर्दछ । यस अन्तर्गत बजार स्वतन्त्र गर्ने, सार्वजनिक व्यवसायहरूको निजीकरण गर्ने, अनुमतिपत्रको अवधारणा खारेज गर्ने, वैदेशिक व्यापारमा परिमाणात्मक बन्देज हटाउने, विदेशी विनिमयलाई स्वतन्त्र बनाउने, भन्सार महसुल कम गर्ने, विदेशी लगानी र प्रविधि हस्तान्तरणमा सहजता ल्याउने इत्यादि नीति तथा कार्यहरू पर्दछन् । यो विकासको लागि एउटा गैर-हस्तक्षेपकारी औजार हो । यसको अनुसरण

सरकारी खर्चमा कमी गरेर, सरकारी स्वामित्वमा रहेका व्यवसायहरूलाई निजीकरण गरेर, अनुमतिपत्र व्यवस्था खारेज गरेर, अनुदानमा कटौती गरेर गरिन्छ । विश्व बैङ्कका अनुसार आर्थिक उदारीकरण भन्नाले अर्थतन्त्रलाई स्थायित्व प्रदान गर्दै मूल्यहरू, व्यापार तथा बजार प्रवेशलाई राज्यको नियन्त्रणबाट स्वतन्त्र पार्नु हो (अधिकारी, २०७८, पृ. ३५०) ।

आर्थिक उदारीकरणको अभिन्न अङ्गको रूपमा रहेको निजीकरणको अर्थ सार्वजनिक व्यवसायको स्वामित्व निजी क्षेत्रलाई हस्तान्तरण गर्नु हो । यसले सरकारी स्वामित्वमा रहेका संस्थानहरू, सम्पत्ति, उद्योग, व्यवसाय इत्यादिलाई आंशिक रूपमा स्वामित्व निजी क्षेत्रलाई दिनु वा केही समयको लागी ठेक्कामा दिनुपर्ने कुरालाई बढी जोड दिएको हुन्छ । विश्व बैङ्कको विकास प्रतिवेदन १९८८ का अनुसार, “व्यापक अर्थमा सरकारको व्यवस्थापन र नियन्त्रणमा रहेको क्रियाकलाप र सम्पत्तिमा निजी क्षेत्रको बढ्दो सहभागितालाई निजीकरण भनिन्छ ।” यो आर्थिक उदारीकरणकै एक मुख्य अङ्ग हो । आर्थिक उदारीकरण र निजीकरणले विश्व अर्थ जगतलाई एकै स्थानमा ल्याउँदछ । त्यसैले विश्वव्यापीकरण आर्थिक उदारीकरण र निजीकरणको परिणाम हो ।

परनिर्भरता यस्तो अवस्था हो, जसमा विकसित राष्ट्रले आफ्नो अनुकूल आन्तरिक र बाह्य नीति-नियम आर्थिक लाभका लागि लागू गर्दछन् अनि त्यो अल्पविकसित राष्ट्रले स्विकार्न बाध्य हुन्छन् । फलतः: धनी देशबाट शोषित बन्दै जान्छन् । खासगरी विकासोन्मुख देशहरूले आफ्नो देशमा आवश्यक आर्थिक वृद्धि तथा विकासका लागि उचित नीतिहरू चयन गर्न नसकी विकसित देशहरू माथि नै आश्रित हुनुपर्ने अवस्थालाई परनिर्भता भनिन्छ ।

इतिहासमा नेपाल विश्व अर्थ जगतबाट पृथक रहेको कुरा सन् १९२३ मा ब्रिटिस मैत्री सन्धिले औपचारिक रूपमा नेपालभित्र ब्रिटिस भारतका उद्योगलाई कुनै अवरोध बिना प्रवेशमा छुट दियो र बिस्तारै नेपालका हस्तकला तथा घरेलु उद्योगहरू विघटनको अवस्थामा पुगेर मजदुर पनि पलायन हुन

थालेको घटनाले पुष्टि गर्दछ (लाभ र खनाल, २०७८, पृ. २८८) । यसको अर्थ हो कि सन् १९२३ भन्दा पहिले विभिन्न शासकहरूको एकलकाँटे अथवा बन्द अर्थनीतिका कारण नेपाल आन्तरिक उत्पादनबाट जीवन निर्वाह गर्न सक्षम थियो । लगभग नेपालमा वि.सं. २०४६ को राजनीतिक परिवर्तन हुनु भन्दा पहिलेसम्म पनि अधिकांश आधारभूत वस्तुहरूमा, विशेषगरी कृषिजन्य बस्तुहरू र श्रम आपूर्तिमा, आत्मनिर्भर थियो भन्ने कुरा हाम्रा अनुभवजन्य तथ्यहरूले बताउँछन् । कृषि क्षेत्रले प्रशस्त रोजगार र उत्पादन प्रदान गरेको थियो । सन् १९५१ भन्दा पहिले नेपालको विदेशसँगको व्यापारिक सम्बन्ध तिब्बत र इष्ट इन्डिया कम्पनीसँग मात्र थियो । यो व्यापार मात्रा र मूल्यको दृष्टिकोणले धेरै सानो आकारको थियो । त्यस समयमा नेपाल सरकारले संरक्षण व्यापार नीतिलाई अवलम्बन गरिरहेको थियो भन्ने कुरा विक्रम सम्वत १९९४ मा औपचारिक रूपमै खुलेको पहिलो सार्वजनिक व्यवसायको सुरुवात हुनुले प्रस्ट पार्दछ । नेपाल सरकारले वि.सं. १९९४ मा नेपाल बैङ्क लि. को स्थापना गरेको थियो । वि.सं. २०४८ सम्ममा विविध ७५ सार्वजनिक व्यवसायहरू सञ्चालनमा आए (अधिकारी र अन्य, २०७८, पृ. ३४८) ।

नेपालमा वि.सं. २०४१/४२ मा आर्थिक उदारीकरणको सुरुवात भएको हो (अधिकारी र अन्य, २०७८, पृ. ३५३) र वि. सं. २०४६ को राजनैतिक परिवर्तन पश्चात अर्थात् वि.सं. २०४९ मा उदार व्यापार नीति अवलम्बन गरेपछि (एम्बेसी अफ नेपाल, २०२४) मात्र यसले पूर्णरूप धारण गरेको हो । बि.सं. २०५० मा निजीकरण एन संसदबाट पारित भएपछि नेपालमा विधिवत रूपमा उदारीकरणको जग बसेको थियो (अधिकारी, पृ. ३५३) भने वि.सं. २०६१ मा विश्व व्यापार सङ्गठनमा नेपालको विधिवत प्रवेश, २०६३ मा दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्रमा नेपालको क्रियाशीलताले नेपालको आर्थिक उदारीकरणको यात्रालाई थप औपचारिक र मजबुत बनाएको हो । आर्थिक उदारीकरणलाई क्रियाशील गराउनका लागि जब वि.सं. २०५० सालमा निजीकरण एन ल्याइयो त्यससँगसँगै औद्योगिक उद्यमशीलता, वैदेशिक लगानी र प्रविधिको हस्तान्तरणसँग सम्बन्धित ऐनहरूको पनि घोषणा भयो । यी र यस्तै एन

नियमहरूको आगमनले आन्तरिक र बाह्य लगानीमा मैत्रीपूर्ण वातावरणको सिर्जना गरे । सरकारले पनि सार्वजनिक उद्यमहरूको निजीकरण प्रक्रिया सुरु गर्यो । फलतः हालसम्म ३० वटा प्रमुख सार्वजनिक संस्थानहरूलाई निजीकरण गरिसकिएको छ (अधिकारी र अन्य, २०७८, पृ. ३४६) । यसरी वर्तमानमा नेपाल दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्र, विश्व व्यापार सङ्गठन इत्यादि जस्ता अन्तर्राष्ट्रिय आर्थिक सङ्गठनहरूमा आबद्धता तथा हस्तक्षेपरहित बजार एवम् निजीकरण जस्ता उदार आर्थिक नीतिका औजारमार्फत विश्व अर्थ जगतसँग एकाकार हुँदै उनीहरूसँग कमजोर व्यावसायिक प्रतिस्पर्धामा उभिएको छ ।

## समस्या

आर्थिक दृष्टिकोणले नेपाल संसारमै एक अल्प विकसित मुलुकहरूको समूहमा पर्दछ । राष्ट्रिय अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदानको तुलनामा कृषि क्षेत्रको योगदान धेरै भएकाले कृषि नै नेपालको अर्थतन्त्रको मेरुदण्ड हो । कृषि क्षेत्रले कुल जनसङ्ख्याको लगभग ६०% (चलाउने, २०७७, पृ. २२१) मानिसहरूलाई जीवन निर्वाह प्रदान गरेको छ । यस क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा उल्लेख्य योगदान, कृषि क्षेत्र र औद्योगिक क्षेत्रको क्रमशः २४.७% र १४.१% (आर्थिक सर्वेक्षण २०२२/२३), रहेको तथ्याङ्क छ । वर्तमानमा नेपाल आर्थिक दृष्टिकोणले विश्वका देशहरूका अर्थतन्त्रमा ९१औं स्थानमा रहेको छ भने ३० वटा विश्वका गरिब देशहरूमा यो २८औं स्थानमा रहेको छ (दमन, पृ. १२१) । (१) व्यापक गरिबी (२) प्रमुख पेसा कृषि (३) सामाजिक पूर्वाधारहरूको अपर्याप्तता (४) प्रयोगविहीन अवस्थामा रहेका प्राकृतिक साधनहरू (५) पर्याप्त मात्रामा रहेको अदृश्य एवं खुल्ला बेरोजगारी (६) प्रतिकूल वैदेशिक व्यापारमाथिको निर्भरता (७) प्राविधिक पछौटेपन (८) पूँजी र प्रविधिको न्यूनता (९) औद्योगिक विकास हुन नसक्नु इत्यादि नेपालको अर्थव्यवस्थाका वर्तमान प्रमुख विशेषताहरू हुन् ।

२०५०/६० को दशकपछि नेपालका पहाडी ग्रामीण बस्तीहरू मानवरहित बन्दै गइरहेका छन् । स्थायी एवम् अस्थायी रूपमा उर्जावान युवाहरूको विदेश पलायन हुनुले आन्तरिक श्रमशक्तिको आपूर्तिमा व्यापक कटौती आएको छ । खेतीयोग्य उर्वर भूमि बाँझो रहने क्रम बढ्दो छ । सहरी क्षेत्रमा समेत रोजगारका पर्याप्त आधारहरूको विकास हुन सकिरहेको छैन । निष्क्रिय विप्रेषणमुखी उपभोगशैली र सहरकेन्द्रित बसोबासमा बिस्तार भइरहेको छ । आन्तरिक बजारमा आयातमुखी उपभोग्य वस्तुहरू समेतको उपलब्धतामा वृद्धि भएको छ । उल्लिखित अनुभवजन्य तथ्यहरूले नेपालको आन्तरिक उत्पादन क्षमता र परिमाणमा उल्लेख्य ह्रास आइ नेपालको बाह्य निर्भरता क्रमशः बढ्दै गएको पुष्टि हुन्छ । तसर्थ यो अध्ययन मूलतः दुई दृष्टिकोणले आवश्यक रहेको छ । प्रथमतः यस अध्ययनले "विप्रेषण र आयातमुखी उपभोग शैलीको वृद्धिले परनिर्भरता विकसित हुन्छ" भन्ने सैद्धान्तिक अवधारणालाई स्थापित गर्न मद्दत गर्दछ भने द्वितीय उदारीकरणको अनुसरण पश्चात् अर्थतन्त्र कसरी परनिर्भर बन्दैछ भन्ने तथ्य प्रस्तुत गर्दछ जुन विगतमा गरिएका अध्ययनहरूका निष्कर्षहरूमा अन्तरालको रूपमा रहेको छ ।

## विधि, उद्देश्य र सिमा

प्रस्तुत लेखमा नेपालको वैदेशिक व्यापार र विप्रेषण आप्रवाह सम्बन्धी तथ्याङ्कहरूको प्रस्तुतीकरण र विश्लेषणद्वारा 'नेपालको परनिर्भरतातर्फको सङ्क्रमणमा आर्थिक उदारीकरणको प्रभावलाई' चित्रण गरिएको छ । लेखलाई बढी विश्वसनीय तथा वैध बनाउनका लागि प्रकाशित एवम् अप्रकाशित स्रोतहरूबाट सङ्कलन गरिएका परिमाणात्मक तथ्याङ्कहरूको विश्लेषणमा वर्णात्मक विश्लेषण धारणा को प्रयोग गरिएको छ । निष्कर्षका सत्यता उपलब्ध तथ्याङ्कहरूको सत्यताको स्तरमा निर्भर हुने छ । तथ्याङ्कहरूको सङ्कलन र सन्दर्भ सामग्रीको निमित्त सम्बन्धित पाठ्यपुस्तकहरू, पत्रपत्रिकाहरू, इभ्युज सफ्टवेयर तथा लेखहरूको प्रयोग गरिएको छ । आर्थिक उदारवाद र परनिर्भरताको सम्बन्धको विश्लेषणमा केवल नेपालको वैदेशिक व्यापार सन्तुलन परिवर्तन सूचक, कृषिजन्य वस्तुहरू(अन्न बाली)

को आयात प्रवृत्ति र विप्रेषणको आप्रवाह सूचकलाई मात्र प्रयोग गरिएको छ । त्यसको लागि आ.व. २०१३/१४, २०३१/३२, २०४१/४२, २०४७/४८, २०५७/५८ र २०६९/७० देखि २०७८/७९ अवधिका आयात निर्यातका तथ्याङ्कहरू एवम् वि.सं. २०५९/६० बाट २०७८/७९ अवधिका विप्रेषण आप्रवाह सम्बन्धी तथ्याङ्कहरूको मात्र प्रयोग गरिएको छ । व्यापार घाटा अन्तराल र विप्रेषण आप्रवाह अन्तराललाई मुख्य आधार बनाएर परनिर्भरताको वृद्धि तथा विकाशलाई मूल्याङ्कन गरिएको छ । लेखमा अनुभवजन्य तथ्यहरूलाई पनि संलग्न गरिएको छ । "निर्यातको तुलनामा अत्यधिक आयात वृद्धिले परनिर्भरता बढाउँदछ" । "विप्रेषणमुखी उपभोग संस्कृतिले आत्मनिर्भरतालाई कमजोर बनाउँदछ" तथा सहर केन्द्रित बसोबासको वृद्धिले उत्पादनमुखी ग्रामीण अर्थ प्रणालीलाई कमजोर बनाउँदछ ।" भन्ने सैद्धान्तिक अवधारणाभित्र रहेर यो लेख तयार गरिएको छ । यस लेखको उद्देश्य प्रथमतः नेपाल जस्ता अल्प विकसित मुलुकहरूको सन्दर्भमा पूर्ण आर्थिक उदारीकरण तुलनात्मक रूपले लाभप्रद छैन भन्ने निष्कर्ष प्रदान गर्नु हो भने दोस्रो: निष्क्रिय विप्रेषणमुखी उपभोग शैली तथा सहर केन्द्रित बसोबासको वृद्धिको फलस्वरूप विकसित भइरहेको नेपालको परनिर्भरताको स्थितिलाई चित्रण गर्नु रहेको छ ।

## आर्थिक उदारीकरण र परनिर्भरताको विश्लेषण

### वैदेशिक व्यापार र परनिर्भरता :

दुई वा दुई भन्दा बढी राष्ट्रहरू बीच हुने वस्तु तथा सेवाहरूको कारोवारलाई नै वैदेशिक व्यापार भनिन्छ । कुनै पनि देशको आर्थिक विकाश र स्वनिर्भरताको विकाशमा वैदेशिक व्यापार र उदार अर्थनीतिको भूमिका महत्त्वपूर्ण रहने गर्दछ । वैदेशिक व्यापारमा संलग्न हुने देशहरूले आफ्नो आयातको मौद्रिक मूल्यभन्दा निर्यातको मौद्रिक मूल्य बढी गर्न सकेको अवस्थामा यसले देशलाई स्व-निर्भरता तर्फ लैजान सहयोग गर्दछ भने यसको उल्टो अवस्थामा यसले देशलाई परनिर्भरता तर्फ धकेल्नुका साथै विभिन्न सङ्कटहरू एकै साथ ल्याउने गर्दछ ।

नेपालमा वि.सं. २००७ अघिसम्म वैदेशिक व्यापारमा त्यति व्यापकता आउन सकेको थिएन । सन् १९५१ भन्दा अघि नेपालको भारत र चीनको तिब्बतसँगमात्र व्यापारिक सम्बन्ध थियो (अधिकारी, पृ.२६६) । त्यस समयमा नेपालको बन्द आर्थिक प्रणालीले गर्दा वैदेशिक व्यापारमा अवरोधको अवस्था थियो । तर वि.सं.२००७ पश्चात नेपालले विश्वका अन्य मुलुकहरू माफ चिनिने अवसरहरू प्राप्त गर्यो । त्यस समयमा नेपालसँग निर्यात योग्य वस्तुहरू पर्याप्त मात्रामा नभए पनि विश्वका अन्य राष्ट्रहरूले यसलाई आफ्नो उपयुक्त बजारको रूपमा विकास गराउन चाहे बमोजिम नेपाल अन्तर्राष्ट्रिय व्यापारिक क्रियाकलापमा सहभागी हुन थालेको पाइन्छ । नेपालमा योजनाबद्ध विकासको सुरुवात हुनुभन्दा अघि अर्थात वि.सं. २०१३ सालअघिसम्म नेपालमा कति मूल्य बराबरको आयात र निर्यात भएको थियो भनी एकिन साथ भन्न सकिने अवस्था नभए पनि योजनाबद्ध विकासको सुरुवात भए पश्चात नेपालको वैदेशिक व्यापारमा उल्लेख्य सहभागिता रहेको प्रमाणहरू भेटिन्छन् । सन् १९९२ मा नेपालले उदार व्यापार नीति अवलम्बन गर्यो भने सन् २००४ मा विश्व व्यापार सङ्गठनको सदस्य बने पश्चात नेपालको वैदेशिक व्यापारको दायरा धेरै फराकिलो बन्दै क्रमशः परनिर्भर बन्दै आएको तथ्य तथ्याङ्कहरूले प्रस्तुत गर्दछन् ।

**वि.सं.२०४१/४२ अघिको व्यापारको प्रवृत्ति**

वि.सं. २०१३/१४ भन्दा पहिलेको अवधिमा नेपालको वैदेशिक व्यापारमा औपचारिक उपस्थिति रहेको तथ्यहरू उपलब्ध नभए तापनि त्यो समयमा अनौपचारिक मार्गबाट भने छिमेकी मुलुकहरू भारत र तिब्बतसँग व्यापार हुने गर्दथ्यो भन्ने कुरा मुना र मदनका कथाहरूले बताउने गर्दछन् । २०१३/१४ पछि भने नेपालको वैदेशिक व्यापारमा औपचारिक उपस्थिति रहेको तथ्यहरू पाइए तापनी त्यो उपस्थिति धेरै सानो र प्रतिकूल अवस्थामा नै थियो । समयको परिवर्तन र पटक-पटक नेपालको शासकीय स्वरूप र अर्थतन्त्रको संरचना लगायतमा फेरबदलका कारण व्यापारको आकारमा पनि क्रमशः वृद्धि हुँदै गयो । त्यो

अवधि, वि.सं.२०१३/१४ देखि २०४१/४२, मा पनि नेपालको वैदेशिक व्यापार प्रतिकूल अवस्थामा नै रहेको भएता पनि यसको आकार सानो थियो भन्ने तथ्य उपलब्ध तथ्याङ्कहरूले प्रस्तुत गर्दछन् ।

**तालिका १**

*वि.सं.२०१३/१४ बाट २०४१/४२ अवधिको वैदेशिक व्यापार प्रतिकूलता प्रवृत्ति (रु. करोडमा)*

| आ.व. (वि.सं.) | (२०१३/१४) | (२०३१/३२) | (२०४१/४२) |
|---|---|---|---|
| व्यापार घाटा | ७.४ | ६२.५ | ५००.१ |
| घाटा वृद्धि अन्तराल | | ८५.१ | ४०७.६ |
| औषत वार्षिक घाटाको दर | | ४.७ | ४०.७६ |
| अवधि अन्तराल | | १८ वर्ष | १० वर्ष |

शर्मा र सुतिहार, पृ. २१५

आर्थिक वर्ष वि.सं.२०१३/१४ मा नेपालको व्यापार घाटा रु.७.४ करोड रहेको थियो भने आ.व. २०३१/३२ मा यो घाटाको परिणाम ६२.५ करोड पुग्यो । उक्त १८ वर्षको अन्तरालमा नेपालको वैदेशिक व्यापार घाटा (६२.५ - ७.४) रु ८५.१ करोडले बढ्न गएको थियो । उक्त अवधिमा व्यापार घाटा प्रतिवर्ष सरदर (८५.१/१८) = ४.७ करोडले बढेको थियो । आर्थिक वर्ष २०३१/३२ देखि २०४१/४२ सम्मको दशकमा यो घाटाको परिमाण रु.५००.१ करोड हुन गई वैदेशिक व्यापारको घाटा रु.४०७.६ करोडले वृद्धि भएको थियो । उक्त अवधिमा व्यापार घाटा प्रतिवर्ष सरदर रु. ४०.७६ करोडले बढ्न गएको थियो । यसरी नेपालको व्यापार घाटा प्रत्येक पछिल्लो वर्षहरूमा अघिल्लो अवधिको तुलनामा वृद्धि भइरहेको भएता पनि सानै आकारको थियो ।

**आर्थिक उदारीकरणको सुरुवातपछि वैदेशिक व्यापारको प्रवृत्ति**

वि.सं. २०४१/४२ मा आर्थिक उदारीकरणको सुरुवात भइ २०६० को दसकमा यासले पूर्णता प्राप्त गरेता पनि त्यो र पछिका अवधिहरूमा पनि भौगोलिक भूपरिवेष्ठितता; औधोगिक विकासका लागि उपयुक्त व्यावसायिक वातावरण नबनिनुले निर्यात अपेक्षित मात्रामा बढ्न नसकिरहनु; कमशल कच्चा

पदार्थ, परम्परागत प्रविधि र असक्षम जनशक्तिको प्रयोगका कारण उत्पादन गरिएका वस्तुहरू न्यून गुणस्तरका भइ वैदेशिक बजार प्राप्त गर्न कठिन हुनु; तुलनात्मक रूपले आन्तरिक वस्तुहरूको उत्पादन लागत उच्च भइ आन्तरिक एवम् वाह्य दुबै बजारहरूमा प्रतिस्पर्धी हुन नसक्नु; नेपालमा उत्पादन भएका वस्तुहरूको प्रभावकारी प्रचारप्रसार र विज्ञापन हुन नसकिरहनु; वस्तुगत र देशागत रूपमा नै व्यापार विविधीकरण हुन नसक्नु; कृषि उत्पादन सङ्कुचित बन्दै जानु तथा आन्तरिक उर्जाको उचित व्यवस्थापन र उपलब्धता नभएर तिनीहरूको आयातले उच्च स्थान लिदै जानु; विशेषत सन् १९९० पछिका वर्षहरूमा नेपालले अवलम्बन गरेको उदार व्यापार नीतिका कारण स्वदेशी उद्योग र वस्तुहरूले संरक्षण नपाउनु जस्ता नेपालको वैदेशिक व्यापारको क्षेत्रमा देखिएका समस्याहरूले वि.सं. २०४१/४२ पूर्वका वर्षहरूमा नेपालको व्यापार घाटाको अन्तराल सानो आकारको भएता पनि पछिका वर्षहरूमा यसको आकार र संरचनामा निकै उच्च आकारमा वृद्धि तथा फेरबदल भइरहेको छ ।

**तालिका २**

*उदारीकरणको अवलम्बनपछि नेपालको वैदेशिक व्यापारको वृद्धि प्रवृत्ति (रु.करोडमा)*

| आ.व. | निर्यात | आयात | कूल व्यापार | व्यापार घाटा | घाटा वृद्धि अन्तराल | औषत वार्षिक घाटा दर |
|---|---|---|---|---|---|---|
| २०४७/४८ | १३७०.६५ | ३१९४.०० | ४५६४.६५ | -१८२३.३५ | | - |
| २०५७/५८ | ५५६५.४१ | ११५६८.७२ | १७१३४.१३ | -६००३.३१ | ४१७९.९६ | ४१७.९९६ |
| २०६९/७० | ७६९१.७० | ५५६७४.०० | ६३३६५.७० | -४७९८२.३० | ४१९७८.९९ | ३४९८.२५ |
| २०७०/७१ | ९१९९.१० | ७१४३६.६० | ८०६३२.७० | -६२२३७.५ | १४२५५.२ | |
| २०७१/७२ | ८५३१.९१ | ७७४६८.४० | ८६०००.०० | -६८९३६.५ | ६६९९ | |
| २०७२/७३ | ७०११.७ | ७७३५९.९० | ८४३७१.६ | -७०३४८.२ | १४११.७ | |
| २०७३/७४ | ७३०४.9 | ९९०११.३ | १०६३१६.२ | -९१७०६.४ | २१३५८.२ | |
| २०७४/७५ | ८१६३.३ | १२४२८२.७ | १३२४४६.० | -११६११९.४ | २४४१३ | |
| २०७५/७६ | ९७११.० | १४१८५३.५ | १५१५६४.० | -१३२१४२.६ | १६०२३.२ | |
| २०७६/७७ | ९७७०.९ | ११९६७९.9 | १२९४५0.8 | -१०९९०९.० | २२२३३.६ | |
| २०७७/७८ | १४११२.४१ | १५३९८३.७ | १६८०९६.११ | -१३९८७१.३ | २९९६२.३ | |
| २०७८/७९ | २०००३.१ | १९२०४४.8 | २१२०४७.9 | -१७२०४१.७ | ३२१७०.४ | १२४०५.९४ |

नेपालको वैदेशिक व्यापार तथ्याङ्क आ. ब. २०२२/२३ टे. नं. २; अधिकारी, पृ. २६७, टे १०.१

जब वि.सं. २०४६ को राजनीतिक परिवर्तनपछि नेपालको आर्थिक उदारीकरणले पूर्णरूप धारण गर्न थाल्यो तथा वि.सं. २०५० पछि नेपालका ठूला उद्योगहरूको निजीकरणमा तीव्रता आयो तर उल्लिखित समस्याहरूका कारण आयात प्रतिस्थापन हुने वातावरण नबनिनुले वि.सं. २०४७/४८ पछिका वर्षहरूमा नेपालको व्यापार घाटा अन्तरालको वार्षिक दर विगतको तुलनामा झन् द्रुत गतिले वृद्धि भइरहेको ऐतिहासिक तथ्यहरूले प्रस्तुत गर्दछन् ।

आर्थिक वर्ष २०४७/४८ मा नेपालको व्यापार घाटा रु.१८२३.३५ करोड रहेको थियो भने यसको पछिल्लो एक दशकको अवधिमा अर्थात् २०५७/५८ मा यो घाटा रु.६००३.३१ करोड हुन पुग्यो । यो अवधिमा नेपालको वैदेशिक व्यापार घाटा रु.४१७९.९६ करोडले वृद्धि भएको थियो । उक्त अवधिमा व्यापार घाटा प्रतिवर्ष सरदर (४१७९.९६/१०) = रु. ४१७.९९६ करोड रहेको थियो । आ.व. २०५७/५८ देखि आ.व. २०६९/७० को अवधिमा यो घाटा रु.४७९८२.३० करोड हुन गई अघिल्लो अवधिको तुलनामा रु. ४१९८७.९९ करोडले वृद्धि भएको थियो र यो अवधिमा व्यापार घाटा प्रति वर्ष सरदर (४१९८७.९९/१२) = रु.३४९८.२४९ करोड रह्यो । त्यसैगरी आ.व. २०६९/७० देखि आ.व. २०७८/७९ को पछिल्लो १० वर्षको अवधिमा व्यापार घाटा रु.१२४०५९.४ करोडले वृद्धि भइ प्रति वर्ष घाटा सरदार (१२४०५९/१०) = रु.१२४०५.९४ स्थापित हुन पुगेको छ । तालिका ०२ ले प्रत्येक पछिल्लो प्रतिवर्ष औषत व्यापार घाटाको अन्तराल उल्लेख्य अङ्कमा वृद्धि भइरहेको देखाउँदछ ।

नेपालको औपचारिक वैदेशिक व्यापारको ६५ वर्षको अन्तरालमा, आ.व. २०१३/१४ देखि आ.व. २०७८/७९ को अवधिमा, वार्षिक व्यापार घाटा(१२४०५.९४/७.४)= १६७६.४७ गुणाले वृद्धि भएको देखिन्छ । प्रस्तुत तालिका ०२ ले नेपालको पछिल्लो औपचारिक मार्गबाट भएको बस्तुको कुल निर्यात मूल्य, आयात मूल्य, कुल व्यापार, व्यापार घाटा, घाटा वृद्धि र औसत व्यापार घाटालाई चित्रण गर्दछ । तथ्याङ्कले नेपालको आयात मूल्य सँगै निर्यात मूल्यमा पनि वृद्धि भएको प्रस्तुति दिन्छ तर यो वृद्धि

आयात मूल्यको तुलनामा ज्यादै न्यून रहेको छ । त्यसैले के भन्न सकिन्छ भने हाम्रो आन्तरिक बजार (अर्थतन्त्र) को आपूर्ति बाह्य मुलुकका वस्तुहरूमा निर्भर छ र यो क्रम निरन्तर बढिरहेको छ अनि अनुभवजन्य तथ्यहरू, जस्तैः- उदार व्यापार नीतिको फलस्वरूप आन्तरिक बजारमा बाह्य वस्तुहरूको सहज उपलब्धतामा वृद्धि (स्वतन्त्र अन्तरप्रवाहमा वृद्धि), स्वदेशी जनशक्तिको उल्लेख्य मात्रामा बाह्य प्रवाह, सहर केन्द्रित बसोबासको प्रवृत्तिमा वृद्धि, श्रम संस्कृतिप्रतिको नकारात्मक व्यवहार, विप्रेषणमुखी उपभोग प्रवृत्तिमा निरन्तरको वृद्धि इत्यादि, को आधारमा यो पनि पूर्वानुमान गर्न सकिन्छ कि आगामी दिनहरूमा नेपालको परनिर्भरताको मात्रा अझ तीव्र बन्ने छ ।

**खाद्यान्न तथा कृषिजन्य वस्तुको आयात प्रवृत्ति**

हुनत, (क) जनसङ्ख्याको परिमाणमा हुने वृद्धि (ख) जनसङ्ख्याको संरचनामा हुने फेरबदल (ग) उपभोगको शैलीमा हुने परिवर्त (घ) नयाँ प्रविधिको आगमन र हस्तान्तरण (ङ) आय स्तरमा हुने वृद्धि (च) द्रुत विकाशको चाहना तथा (छ) समग्र अर्थतन्त्रको संरचनामा हुने परिवर्तन जस्ता कारणहरूले देशको आन्तरिक उत्पादनको तुलनामा समग्र मागको स्तरमा उच्च दरले वृद्धि भै आयात परिमाणमा वृद्धि हुनु स्वभाविक नै मानिन्छ । नेपाल जस्ता अल्पविकसित देशहरूले देशको आन्तरिक उत्पादकिय क्षमता अभिवृद्धि गर्न, आयात प्रतिस्थापन क्षमता बढाउन र आर्थिक सम्वृद्धिलाइ गति दिनका निमित्त अस्थायी रूपमा औद्योगिक वस्तु, पूँजी र प्रविधिको आयात बढाउनु आवश्यक पनि छ । तुलनात्मक रूपमा आयात वृद्धि गर्नुका उल्लिखित उदेश्यहरू भएतापनि नेपालको सन्दर्भमा त्यस्तो दृश्य देखिएको छैन । नेपालले आफूलाई कृषि प्रधान देशको रूपमा परिचित गराएर पनि कृषिजन्य वस्तुहरू त्यसमा पनि अन्न-बालीको आपूर्तिमा आफूलाई आत्मनिर्भर बनाउन सकिरहेको छैन । औद्योगिक बस्तुको आपूर्तिमा त नेपाल झन् परनिर्भर बनिरहेकोनै छ ।

विश्वव्यापीकरणको वर्तमानको वातावरणमा हाम्रो चुलो-चौकाको माग पुरा गर्न आंशिक रूपमा केही कृषिजन्य वस्तुहरूको आयात गरिनु सामान्य व्यवहार नै हुन्छ । नेपालको सन्दर्भमा उल्लेखित पक्ष सत्य साबित हुन सकिरहेको छैन । इतिहासमा नेपाल कृषिजन्य वस्तुहरू अझ अन्न-बालीको निर्यातक राष्ट्रको रूपमा परिचित हुँदै आएको थियो । त्यसो भएता पनि वि.सं. २०५३ को नेपाल भारत बिचको व्यापार सन्धि पछि यो एकाएक खाद्य वस्तु निर्यातक राष्ट्रबाट आयातक राष्ट्रमा परिणत भएको छ (प्रसाई, कान्तिपुर पोष्ट, २०२२) । सन् १९८० को प्रारम्भसम्म नेपालले अन्न-बालीको आयातभन्दा ज्यादा निर्यात गर्दै आएको थियो तर सन् १९८० पछि नेपाल खाद्यान्न मुख्यगरी अन्न-बालीको मुख्य आयात कर्ता बन्न थाल्यो । सन् २००१ ताका नेपालले छिमेकी मुलुक भारतबाट मात्र, ११.८४ मिलियन डलर बराबरको खाद्य सामग्री किन्ने गर्दथ्यो । सन् २०२१ सम्म आइपुग्दा यो परिमाण ७८ गुणाले वृद्धि भएर झन्डै एक ($1 billion) बिलियन डलर पुगेको छ (प्रसाई, २०२२) । कृषिजन्य वस्तुहरू जस्तै धान-चामल, मकै, गहुँ, आलु, भटमास, स्याउ जस्ता वस्तुहरू जो नेपालकै भूमिमा पर्याप्त मात्रामा उत्पादन गर्न सकिन्छन् र पनि हालका वर्षहरूमा आएर यस्ता बस्तुहरूको ठूलै परिमाणमा आयात हुने गरेको छ । नेपालले भारतबाट आयात गर्ने यस्ता वस्तुहरूको आयात मूल्यका तथ्याङ्कहरूले उल्लेखित तथ्यहरू प्रमाणित गर्दछन् ।

**तालिका ३**

*भारतबाट कृषि तथा खाद्य उत्पादनको आयात*

| बर्ष (सन्) | आयातित मूल्य (मिलियन US $) |
|---|---|
| २०११-१२ | १८०.३३ |
| २०१२-१३ | २७८ |
| २०१३-१४ | ३५६.१४ |
| २०१४-१५ | ५४२.४५ |
| २०१५-१६ | ५२६.०२ |
| २०१६-१७ | ६६१.४२ |
| २०१७-१८ | ६७०.२२ |
| २०१८-१९ | ७२८.२४ |

| | |
|---|---|
| २०१९-२० | ६७५.४२ |
| २०२०-२१ | ६३८.३१ |

प्रसाई, काठमाण्डू पोष्ट, २०२२

सन् २०२०-२१ को उक्त आयात मूल्य सन् २०११-१२ को तुलनामा ५.२ गुणाले वृद्धि भएको आँकडाले नेपालको आन्तरिक कृषि उत्पादन समेतमा उल्लेख्य ह्रास आइरहेको छ भन्ने बलियो प्रमाण प्रस्तुत हुन्छ । त्यस्तै, लगभग दुई दशक अघिसम्म नेपालले केवल ८०२५ टन चामल ($ १.७४ मिलियन मूल्य बराबर) आयात गर्दथ्यो । उक्त परिमाण हाल आएर $ ४०२.६१ मिलियन मूल्य बराबर पुगेको छ । परिमाणात्मक रूपमा नेपालले भारतबाट मात्र १.२६ मिलियन टन चामल आयात गर्दछ (प्रसाई) । उल्लिखित तथ्यहरूले साँचो अर्थमा उदार अर्थनीतिको अनुसरणपश्चात नेपाल परनिर्भरताको उच्च शृङ्खलामा आसीन भइरहेको छ भन्ने बलियो प्रमाण प्रस्तुत गर्दछन् । सक्षेपमा, नेपाल जस्ता अल्पविकसित मुलुकहरूको सन्दर्भमा, “निर्यातको तुलनामा निरन्तरको आयात वृद्धिले देशको आन्तरिक अर्थतन्त्रको परनिर्भरता बढ्दै जान्छ” ।

**विप्रेषणमुखी उपभोग र परनिर्भरता**

वैदेशिक रोजगारबाट प्राप्त हुने आम्दानी विप्रेषण हो । अर्को शब्दमा भन्नु पर्दा कुनै एक मुलुकका नागरिकहरूले अर्को मुलुकमा काम गरी पठाएको रकमलाई नै विप्रेषण भनिन्छ । त्यही भएर विप्रेषण वैदेशिक रोजगारसँग प्रत्यक्ष सम्बन्धित हुने आर्थिक चर हो । एक देशको नागरिक आय आर्जनको उदेश्यले अर्को देशमा गएर काम गर्दछ भने त्यसलाई वैदेशिक रोजगार भनिन्छ र यो नै वैदेशिक मुद्रा आर्जन (विप्रेषण) को प्रमुख आधार हो । जीवन निर्वाहको सिलसिलामा ग्रामीण सक्रिय जीवन पद्धतिलाई त्यागेर विप्रेषण आयको आधारमा निष्क्रिय सहरी जीवनशैलीमा बाच्ने अभ्यासलाई नै विप्रेषणमुखी उपभोग भनिन्छ । नेपालको वैदेशिक रोजगारको इतिहास धेरै लामो रहेको तथ्य हामीहरूले सुन्ने गरेको लाहोर जाने प्रथा र लाहुरेका कथाहरूले प्रस्ट पार्दछन् । नेपाल सरकारले ब्रिटिश सरकारसँग सन् १८१६

मा गरेको सुगौली सन्धि पछि नेपालीहरूको गोर्खा रेजिमेन्टमा भर्ती सुरुभएको हो (अधिकारी र आचार्य, पृ. ३२७) र यो नै नेपालको औपचारिक रूपमा वैदेशिक रोजगारको सुरुवात थियो । तर सन् १९८५ को वैदेशिक रोजगार ऐन (अधिकारी र आचार्य, पृ. ए) जारी भए पछि र सन् १९९० को दशकमा नेपालले उदार आर्थिक नीति अवलम्बन गरेपछि समुन्द्र पारसम्म वैदेशिक रोजगारको मार्ग प्रशस्त भइ आज ठूलो सङ्ख्यामा नेपालीहरू वैदेशिक रोजगारीमा संलग्न रहेको तथ्य हामी सामु विद्यमान छ । अर्थमन्त्रालयको सन् २०२२/२३ को प्रतिवेदनले उल्लेख गरे अनुसार मार्च महिनाको मध्यावधि सम्ममा (till mid-March) वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरूको सङ्ख्या ५५,२६,७०४ रहेको छ । सोही अनुसार विश्वव्यापीकरणको प्रभाव एवम् नेपालले अनुसरण गरेको आर्थिक उदारीकरण नीतिको फलस्वरूप देशको विप्रेषण आप्रवाहको परिमाण पनि उल्लेख्य रहन पुगेको छ ।

**तालिका ४,**

*विप्रेषण आप्रवाहको प्रवृत्ति/ जीडीपीमा विप्रेषण आयको र कृषि क्षेत्रको योगदान प्रवृत्ति*

| आ. व. (सन्) | विप्रेषण (in billions of rupees) | % परिवर्तन | जीडीपीमा विप्रेषण आयको योगदान (%) | जिडीपिमा कृषि क्षेत्रको योगदान (%) |
|---|---|---|---|---|
| २००२/०३ | ४७.५४ | | ११.० | |
| २००३/०४ | ५४.२० | १४.० | १०.९ | |
| २००४/०५ | ५८.५९ | 8.१ | ११.१ | |
| २००५/०६ | ६५.५४ | ११.९ | १४.९ | |
| २००६/०७ | १००.१४ | ५२.८ | १३.८ | |
| २००७/०८ | १४२.६८ | ४२.५ | १७.५ | |
| २००८/०९ | २०९.७० | ४७.० | २१.२ | |
| २००९/१० | २३१.७३ | १०.५ | १९.४ | |
| २०१०/११ | २५३.५५ | ९.४ | १८.५ | |
| २००१/१२ | ३५९.५५३ | ४१.8 | २३.५ | |
| २०१२/१३ | ४३४.६ | २०.८७ | २५.६ | |
| २०१३/१४ | ५४३.३ | २५.०१ | २७.७ | ३०.३ |
| २०१४/१५ | ६१७.३ | १३.६२ | २९.१ | २९.४ |
| २०१५/१६ | ६६५.१ | ७.७७ | २९.६ | २८.४ |

| | | | | |
|---|---|---|---|---|
| २०१६/१७ | ६९५.५ | ४.५७ | २६.३ | २६.८ |
| २०१७/१८ | ७५५.१ | ८.६ | २४.9 | २५.६ |
| २०१८/१९ | ८७९.३ | १६.५ | २५.४ | २४.६ |
| २०१९/२० | ८७५.० | -०.५ | २२.४ | २५.२ |
| २०२०/२१ | ९६१.१ | ९.८ | २२.१ | २५.८ |
| २०२१/२२ | १००७.३ | ४.८ | २०.४ | २४.७ |

आर्थिक सर्वेक्षण, २०२२/२३, अर्थमन्त्रालय

तालिकामा विगत १० वर्षको विप्रेषणको आप्रवाहको स्थितिलाई प्रस्तुत गरिएको छ जसबाट अप्रत्यक्ष रूपमा वैदेशिक रोजगारमा नेपालीहरूको आकर्षण र प्रत्यक्ष रूपमा विप्रेषणको आप्रवाहको प्रवृत्ति प्रस्ट हुन्छ । यसले प्रस्तुत गरेका आँकडाहरूले विप्रेषणको आप्रवाह सङ्गसङ्गै उर्जावान् युवा युवतीहरूको बाह्यप्रवाहको क्रमलाई चित्रण गर्दछन् । आर्थिक वर्ष सन् २००२/०३ को तथ्याङ्क अनुसार नेपालको कुल घरेलु उत्पादनमा विप्रेषणको केवल ११ प्रतिशत अंश मात्र योगदान रहेको थियो तर यो अंश पछिल्ला वर्षहरूमा वृद्धि भएर आ.व. सन् २०१४/१५, र २०२१/२२२ मा क्रमशः २९.१%, २९.६% र २०.४% हुन पुगेको छ । विप्रेषण आप्रवाहको यो प्रवृत्तिबाट के स्पष्ट हुन्छ भने हाम्रो कृषि अर्थतन्त्र क्रमशः विप्रेषणमुखी अर्थतन्त्रमा रूपान्तरण भइरहेको छ ।

अर्थतन्त्रको कुल घरेलु उत्पादनमा कृषि क्षेत्र र वैदेशिक क्षेत्र अथवा विप्रेषणको योगदानका आँकडाहरूको आधारमा यो पनि भन्न सकिन्छ कि अर्थतन्त्रको प्रमुख मेरुदण्ड विप्रेषण आय बन्न पुगेको छ । जस्तो कि आ.व. सन् २०१३/१४ को अवधि पछि नेपालको कुल घरेलु उत्पादनमा कृषि क्षेत्रको योगदान निरन्तर घटिरहेको छ भने विप्रेषण आयको योगदान लामो समय देखिनै उल्लेख्य अङ्कमा बढिरहेको छ र यो २०१५/१६ मा २९.६% भइ कृषि क्षेत्रको योगदान (२८.४%) लाई उछिनेको छ । आ.व. सन् २०१५/१६ पछिका वर्षहरूमा यो विप्रेषण आयको योगदान केही अङ्कले घटिरहेको देखिन्छ ता पनि पछिल्लो आ.व.२०२१/२२ मा यसको योगदान कृषि क्षेत्रको योगदानको हाराहारीमा रहेको छ (२०.४% र २४.७%) । यसरी कुल घरेलु उत्पादनमा कृषि क्षेत्रको योगदान घट्दै जानु र वैदेशिक क्षेत्रको(विप्रेषण)

योगदान उच्च हुँदै जानुले पछिल्ला वर्षहरूमा नेपालको वैदेशिक क्षेत्र तर्फको निर्भरता क्रमशः वृद्धि भइरहेको छ । उल्लिखित तथ्यहरू र हाम्रा सामु रहेका अनगिन्ती अनुभवजन्य तथ्यहरूको आधारमा नेपालको अर्थतन्त्र तीव्र रूपमा परनिर्भरताको दिशातर्फ अग्रसर भइरहेको छ र यस स्थितिमा यो क्रम आगामी दिनहरूमा अझ उच्च हुने पूर्वानुमान सजिलैसँग गर्न सकिन्छ ।

वैदेशिक रोजगार तथा विप्रेषण आयले देशको आन्तरिक अर्थतन्त्रमा प्रत्यक्षतः थुप्रै सकारात्मक प्रभावहरू पार्दछन् । गरिबी घटाउन, नागरिकहरूको जीवनस्तर उकास्न, आयातलाई चाहिने वैदेशिक मुद्रा उपलब्ध गराउन, आन्तरिक बजारमा कुशल जनशक्ति उपलब्ध गराउन विप्रेषण आयले सहयोग पुर्याइरहेकै हुन्छ तथापि अप्रत्यक्ष रूपमा यसले थुप्रै नकारात्मक असरहरू पनि लिएर आउँदछ । जस्तो हाम्रा अनुभवजन्य तथ्यहरूले बताउँछन् कि नेपालको सन्दर्भमा विप्रेषणको आप्रवाहले नागरिकहरूको जीवनस्तरमा नाटकीय ढङ्गबाट सुधार आएको छ, गरिबी निवारणको क्षेत्रमा उल्लेख्य योगदान रहेको छ (आर्थिक सर्वेक्षण २०७५/७६ को प्रतिवेदन अनुसार गरिबीको रेखा मुनि रहेको जनसङ्ख्या ३१% बाट १८.७% मा झरेको छ), साक्षरतादरमा वृद्धि भइ गुणस्तरीय जीवनस्तरमा सुधार भएको छ, वैदेशिक रोजगारबाट फर्किएर आउने नागरिकहरूले प्राविधिक ज्ञान र सीप पनि लिएर आउने हुँदा देशमा ज्ञान र सीपको स्तरमा वृद्धि भएको छ साथै अन्तर्राष्ट्रिय सम्बन्धमा पनि विस्तार भइरहेको छ । यी र यस्ता थुप्रै सकारात्मक असरहरू विप्रेषण आयले भित्र्याएको भएता पनि यो भन्दा डरलाग्दो त राष्ट्रिय अर्थतन्त्रमा यसले थुप्रै नकारात्मक असरहरू मूलतः परनिर्भरता लिएर आएको अनुभवजन्य तथ्यहरू छन् जस्तै:

- विप्रेषणको आप्रवाहमा भएको निरन्तरको वृद्धिले खर्चयोग्य आम्दानीमा वृद्धि भई एकातर्फ जीवनशैली भव्य बन्दै गइरहेको छ भने अर्कोतर्फ सामाजिक-सांस्कृतिक संरचना खराब हुँदै गइरहेको छ ।
- नेपालीहरूको चुलो-चौकोमा आयातित वस्तुहरूको बाहुल्यता बढेको छ ।

- दिनानुदिन उर्जाशील युवाशक्तिको बाह्य प्रवाहले आन्तरिक बजारमा श्रम आपूर्तिमा न्यूनता भई देशको उत्पादकिय क्षमतामा ह्रास आएको छ ।
- कृषि क्षेत्रमा श्रम आपूर्तिको न्यूनताले अधिकांश उर्वर ग्रामीण भूमि बाँझो भई आधारभूत कृषिजन्य वस्तुहरूमा समेत परनिर्भरता बढ्दै गइरहेको छ ।
- अनुत्पादक श्रोतहरूबाट प्राप्त हुने विप्रेषण आयले सहर केन्द्रित बसोबासमा वृद्धि र आन्तरिक श्रम संस्कृतिमा ह्रास आएको छ भने उत्पादनमुलक क्षेत्रको लगानी सङ्कुचित भई अनौपचारिक व्यवसाय र अनुत्पादक क्षेत्रको लगानीमा वृद्धि भएर आन्तरिक उत्पादनको आधार कमजोर भइरहेको छ ।
- यसरी “निष्क्रिय विप्रेषणमुखी उपभोग एवम् सहर केन्द्रित बसोबासको प्रवृत्तिमा भएको वृद्धिले समग्र अर्थतन्त्रको परनिर्भरताको मात्रा वृद्धिउन्मुख रहेको छ” ।

**निष्कर्ष**

वि.सं. २०४६ को राजनीतिक परिवर्तन पश्चात नेपालको आर्थिक उदारीकरणको यात्राले तीव्रता पायो । वि.सं. २०४६ मा उदार व्यापार नीति, बि.सं.२०५० मा निजीकरण ऐन जारी, बि.सं.२०६१ मा विश्व व्यापार संगठन मा प्रवेश, बि.सं.२०६३ मा एसियाली स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा) मा नेपालको सक्रियताले नेपालको आर्थिक उदारीकरण एवम् विश्वव्यापीकरणको यात्रालाई पूर्णता प्रदान गर्यो । बि.सं.२०४६ मा उदार व्यापार नीति अवलम्बन गरेपछि र वि.सं.२०५० मा निजीकरण एन जारी भएपछिका अवधिमा नेपालका ३० भन्दा बढी ठूला सार्वजनिक उद्यमहरूको निजिकरणमा तीव्रता आयो तर आयात प्रतिस्थापनयोग्य उद्योगहरूको स्थापनाको वातावरण नबनिनु, गुणस्तरयुक्त वस्तुहरूको उत्पादन हुन नसक्नु, अनुपयुक्त व्यापार नीति, निष्क्रिय विप्रेषणमुखी उपभोग प्रवृत्तिमा भएको वृद्धि, कृषि

क्षेत्रमा श्रम अभावको कारणले आधारभूत वस्तुहरूको उत्पादनमा समेत ह्रास आउनुका कारण वि.सं.२०४७/४८ पछिका वर्षहरूमा निर्यातको तुलनामा आयात वृद्धिको प्रवृत्ति अधिक भई व्यापार घाटाको वार्षिक दरमा ठूलो अङ्कले वृद्धि भइरहेको छ । विगतका वर्षहरूमा नेपाल कृषिजन्य वस्तुहरू (अन्न-बाली) मा आत्मनिर्भर मात्र हैन तिनीहरूको निर्यातक राष्ट्रको रूपमा पनि परिचित रहेको थियो तर उदारीकरणको व्यापकतापछि यो एकाएक यस्ता वस्तुहरूको आयातक राष्ट्रमा परिणत हुदै जानुका साथै कृषिजन्य वस्तुहरूमा पनि परनिर्भर बन्दै गइरहेको तथ्य पछिल्ला वर्षहरूमा नेपालले छिमेकी मुलुक भारतबाट आयात गरिरहेको कृषिजन्य वस्तुहरूको परिमाण र प्रवृत्तीले प्रमाणित गर्दछन् । यसरी व्यापार घाटाको वार्षिक अन्तरालको दर बढ्दै जानुले अथवा निर्यातको तुलनामा आयात परिमाणमा भइरहेको उच्च अङ्कको वृद्धिले नेपालको अर्थतन्त्र निरन्तर परनिर्भरतातर्फ उच्च गतिले सङ्क्रमित भइरहेको निष्कर्ष प्रदान गर्दछ ।

नेपालको बढ्दो विश्वव्यापीकरण र आर्थिक उदारीकरणको यात्रा सँगसँगै वैदेशिक रोजगारको प्रवृत्ति अथवा विप्रेषण आप्रवाहको प्रवृत्ति तीव्र रूपले वृद्धि भइरहेको छ । प्राप्त तथ्याङ्कहरू र अनुभवजन्य तथ्यहरूले यो प्रस्तुत गर्दछन् कि, नेपालको कुल घरेलु उत्पादनमा कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गइरहेको छ भने विप्रेषण आयको योगदान बढ्दै गइरहेको छ जुन हाम्रो अर्थतन्त्र विप्रेषणमुखी बन्दै गएको बलियो प्रमाण हो । नागरिकहरूको व्ययोग्य आम्दानीमा वृद्धि भई उनीहरूको जीवन शैली भव्य बन्दै गइरहेको छ । सामाजिक-सांस्कृतिक संरचना खराब हुँदै गइहेको छ । हाम्रो चुलो-चौकोमा समेत आयातित बस्तुहरूको बाहुल्यता बढेको छ । आन्तरिक बजारको श्रम आपूर्तिमा न्यूनता र श्रम-संस्कृतिको अन्त्यले उर्वर कृषियोग्य भूमि बाँझो बनेको छ । सहर केन्द्रित बसोबास र आन्तरिक श्रम-संस्कृतिमा व्यापक कटौतीले आन्तरिक उत्पादनको आधार सङ्कुचित हुँदै गइरहेको छ भने सन् २०१५/१६(वि.सं. २०७२/७३) पछिका वर्षहरूमा विप्रेषण आयको अङ्क ओरालो लागेको छ ।

उत्पादनमूलक क्षेत्रको लगानी सङ्कुचित भई अनौपचारिक व्यवसाय र अनुत्पादक क्षेत्रको लगानीमा वृद्धि भई आन्तरिक उत्पादनको आधार कमजोर भइरहेको छ । यसरी पछिल्ला वर्षहरूमा, एकातर्फ देशको आन्तरिक उत्पादनको आधार कमजोर हुँदैजानु र अर्कोतर्फ विप्रेषण आयमा पनि कटौती हुँदैजानुले अर्थतन्त्र झन् चेपुवामा फस्दैगएको स्पष्ट हुन्छ । निष्कर्षत, “निष्क्रिय विप्रेषणमुखी उपभोग र सहरकेन्द्रित बसोबास” संस्कृतिको विकासले नेपालको परनिर्भरताको स्तरमा वृद्धि भइरहेको छ ।

## सन्दर्भ ग्रन्थसूची


Embassy of Nepal. (n.d.). Trade in Nepal. *Embassy of Nepal - London, UK*. Retrieved May 16, 2024, from https://uk.nepalembassy.gov.np/trade-in-nepal

Ministry of Finance Nepal, Department of Customs. (2023). *Nepal foreign trade statistics: Fiscal year 2022/23*. Kathmandu. Retrieved May 16, 2024, from https://custom.gov.np/storage/doc/statistics.pdf

Ministry of Finance Nepal. (2023). *Economic survey 2022/23*. Kathmandu.

Ministry of Finance Nepal. (n.d.). *Macro-economic indicator*. Retrieved May 11, 2024, from https://www.mof.gov.np/document/file

Prasain, S. (2022, February 2). How Nepal, a country of farmers, became a food importer over the years. *The Kathmandu Post*. https://kathmandupost.com/money/2022/02/02

Sharma, N. K., & Sutihar, D. N. (2008). Nepalese Economics and statistics. Pairavi Prakashan.

अधिकारी, रमेश प्रसाद, आचार्य, खुबीराम, लामिछाने, भुवनेस्श्वर, र ज्ञवाली, संजय .(२०७८). *अर्थशास्त्र.* अस्मिता बुक्स पब्लिसर एन्ड डिस्ट्रिब्युटर प्रा.लि. ।

अधिकारी, रमेशप्रसाद, आचार्य, खुबीराम, लामिछाने, भुवनेश्वर, ज्ञवाली, संजय. (२०७८). *व्यवसायकालागि समष्टि अर्थशास्त्र.* अस्मिता बुक्स पब्लिसर एन्ड डिस्ट्रिब्युटर प्रा.लि. ।

चलाउने, दमनबहादुर. (२०७७). *अर्थशास्त्र.* विद्यार्थी पुस्तक भण्डार ।

लाभ, सुरेन्द्र र खनाल, भवानीप्रसाद. (२०७८). *अर्थशास्त्र.* जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हासउ प्रा.लि. ।